कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी,उदयपुर
प्रदेश नं. १ , नेपाल

# आन्तरिक आय सम्बन्धि शिलबन्दी बोलपत्र आह्वानको सूचना ।

प्रथम पटक प्रकाशित मिति २०७६/०७/१९

यस कटारी नगरपालिका अन्तर्गत आ.व. २०७६/२०७७ को लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६० मा भएको व्यवस्था बमोजिम सवारी पार्किङ्ग वापत आय संकलन कार्यका लागि शिलबन्दी बोलपत्रद्धारा ठेक्का वन्दोबस्त गर्नु पर्ने भएको हुँदा ईच्छुक फर्म वा कम्पनीहरुबाट आफ्नो फर्मको नविकरण भएको प्रमाणपत्र,मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र तथा अन्तिम आ.व.को कर चुक्ताको प्रमाणित प्रतिलिपीहरु तथा उक्त कार्य गर्न योग्य भएको स्व घोषणा पेश गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र खरिद गर्न सकिने छ । यो सूचना यस कार्यालयको http://www.katarimun.gov.np मा पनि हेर्न सकिनेछ ।

**तपसिल**

| सि.न. | ठेक्का नं. | ठेक्काको विवरण | न्युनतम अंक | मु.अ.कर | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०३–२०७६/०७७ | नगर क्षेत्रमा सवारी साधन पार्किङ्ग शुल्क | १६८७५६८ | २१९३८३ | १००० |

**बोलपत्र सम्बन्धि शर्तहरु :**

१. बोलपत्र फारम यस कार्यालयबाट पछि फिर्ता नहुने गरी यो सूचना प्रकाशित भएको मिति देखि १५ औं दिन सम्म कार्यालय समय भित्र शिलबन्दी बोलपत्र फारम रु १०००।- नगद दाखिला गरि यस कार्यालयबाट खरिद गर्न सकिने छ र बोलपत्र बुझाउँदा यस कार्यालयबाट खरिद खरिद भएका बोल पत्र १६ औं दिनको १२:०० बजेसम्म यस कार्यालयमा दाखिला गर्न सकिनेछ । दाखिला हुन आएका बोलपत्र सोही दिनको २:०० बजे यस कार्यालयमा बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा प्रतिनिधीको उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. खरिद भएको शिलबन्दी बोलपत्र फारम कवोल अंकको पाँच प्रतिशत रकम नगदै राष्ट्रिय वाणिज्य बैंक कटारी शाखामा रहेको यस कार्यालयको धरौती खाता नं. २०५०३०३००७१०२ मा दाखिला गरेको सकक्ल भौचर वा कम्तिमा ९० दिन म्याद भएको बैंक जमानी पत्र ( BID BOND) संकलन गरी रीत पूर्वक सहि छाँप तथा शिलबन्दी गरि बोलपत्र दर्ता आफै वा प्रतिनिधि मार्फत दाखिला गर्न सकिने छ ।

४. बोलपत्र दाताले पेश गरेको बोलपत्र फिर्ता वा संशोधन गर्न चाहेमा दर्ता गर्ने अन्तिम समय समाप्त हुनुभन्दा चौविस घण्टा अगाडी फिर्ता वा संशोधन गर्न सकिने छ ।

५. ठेक्का अवधि २०७७ अषाढ मसान्त मसान्त सम्म हुनेछ ।

६. बोलपत्र फारम भर्दा आफुले कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुनेगरी उल्लेख भएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता लिईनेछ ।

७. बोलपत्र स्वीकृत भएपछि बोलपत्र स्वीकृत भएको आसय पत्र जारी भएको ७ दिन भित्र नियमानुसार आय कर/मु.अ. दर्ता प्रमाणपत्र पत्रको प्रमाणित प्रतिलिपी साथै लिई सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । सो अवधिमा भित्र सम्झौता गरी पट्टा नउठाएमा धरौटी रकम जफत गरिनेछ । दोस्रो पक्षको बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुन : बोलपत्र आह्वान गर्ने वा नगर्ने अधिकार नियमानुसार यस कार्यालयमा सुरक्षित रहने छ ।

८. स्वीकृत ठेक्का अंकलाई तीन किस्तामा विभाजन गरिएको छ । पहिलो किस्ता ५०% दोस्रो किस्ता २५ % र अन्तिम किस्ता २५ % गरी तीन किस्तामा विभाजन गरिएको छ । पहिलो किस्ता ५० % सम्झौता गर्न अगावै दाखिला गरी बाँकी ५० % को हकमा जमानत वापत नेपाल सरकारको मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा २०७७ श्रवण मसान्त सम्म मान्य हुने बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ ।

९.पार्किङ्ग शुल्क संकलन गर्ने स्थान कटारी बसपार्क ,देवीधाप खहरे उत्तर पश्चिम बसपार्क,उत्तरीखण्ड चल्ने बसपार्क र अन्य न.पाले तोकेको बसपार्क क्षेत्रमा मात्र रकम असुल गर्न पाईने छ ।

१०. बन्द हडताल,चक्काजाम,लगायत अन्य सिर्जित कारण बाट सिर्जना हुने अवस्थाको कारणबाट कर छुट वा मिनाहा दिन नसकिने हुँदा कवोल अंकमा कुनै किसिमको छुट वा मिनाहा दिईने छैन । साथै कर छुट वा मिनाहा माग गर्न पाईने छैन ।

११. शुल्क उठाउने रसिदमा ठेक्काको शिर्षक उल्लेख गरी ३/३ प्रति रसिद ठेकेदार आफनै तर्फ बाट छपाई कार्यालयमा रसिद नं. दाखिला र प्रमाणीत गरेर मात्र कर दस्तुर उठाउने प्रयोगमा ल्याउनु पर्नेछ ।

१२. कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने,आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने तथा अन्य व्यवस्था गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । बोलपत्र पेश गर्दा बोलपत्रदाताको तर्फ बाट कुनै किसिमको शर्त मान्य हुने छैन । शर्त सहितको बोलपत्रलाई बदर मानिने छ । सथै रित नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुने कारवाही हुने छैन ।

१३. चलान पुर्जीमा उल्लेख न.पा.बाट तोकेको भएका मालबस्तु र दररेटको प्रतिकुल हुनेगरी कर दस्तुर शुल्क लिन पाईने छैन । बढी लिएको प्रमाण पेश हुन आएमा न.पा.बाट जरिवाना गरिने र उजुरीकर्तालाई जरिवाना रकमको २५ प्रतिशत रकम दिईने छ ।

१४. बोलपत्रदाताले अदालत,नेपाल सरकार, प्रदेश सरकार, नगरपालिकाको नीति,निर्देशन,तथा आदेशको पालना गर्नु गराउनु र लागु गर्नु बोलपत्र दाताको कर्तव्य एवम् दायित्व हुने छ । नीति निर्देशन वा अदालतको आदेशको पालनाको कारणबाट कुनै क्षति हानि नोक्सानी हुन गएमा सो को क्षतिपूर्ति दावि ठेकेदारले नागरपालिका संग गर्न पाउने छैन ।

१५. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेन्टीबाट अशुल उपर गरिनेछ । अशुल गर्न बाँकी रकममा १० प्रतिशत थप क्षतीपूर्ती समेत जोडी सरकारी बाँकी सरह अशुल उपर गरिनेछ ।

१६.सरकारलाई बुझाउनु पर्ने मु.अ.कर नगरपालिकामा बुझाउनु पर्नेछ ।

१७. शुल्क उठाउने सन्दर्भमा प्रदेश अनुगमन समिति,जिल्ला अनुगमन समिति र कटारी न.पा.बाट निर्देशन भए बमोजिम हुनेछ ।

१८. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ ।

१९.मुल्य अभिवृद्धि कर सम्बन्धमा प्रचलीत संङ्घीय कानून बमोजिम हुनेछ ।

२०. बोलपत्र सम्बन्धि दररेट ,अन्य शर्त तथा विस्तृत जानकारीका लागि कार्यालयको सुचना पाटीमा हेर्न हुन वा कार्यालय समयभित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्नु हुन सम्बन्धित सबैलाई जानकारी गराईन्छ । पार्किङ्ग शुल्क कुन कुन सवारीमा कति के कति दरमा लिन पाउने भन्ने बारेको विस्तृत विवरण बोलपत्र फारम साथ संलग्न गरिएको छ ।

गणेश प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत